नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.स.:शै.सू.व्य. २०७८/७९.

मिति: २०७८।०५।०४

च.नं. : 20

**विषय :IEMIS अद्यावधिक र SAS कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**श्री स्थानीय तह (सबै)**
**श्री विद्यालय (सबै)**

उपरोक्त सम्बन्धमा यस केन्द्रको प.सं.शै.सू.व्य. २०७८/७९ च.नं. ०१ मिति २०७८।०४।७ को एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS)अन्तर्गतको Excel based file मा संलग्न विवरण अद्यावधिक गर्ने विषयको पत्रबाट शैक्षिक सत्र २०७८ देखि यस प्रणालीमा केही परिमार्जन भएको व्यहोरा अवगत नै छ ।

शैक्षिक सत्र २०७८ को IEMIS अद्यावधिक गर्नका लागि २०७८ भाद्र १५ गतेसम्मको समय निर्धारण गरिएकाले सो अवधि भित्र नै विवरण अद्यावधिक गरी iemis.cehrd.gov.np मा अपलोड गर्ने कार्यका लागिदेहाय अनुसार गर्नु गराउनु हुन सबै प्रकारका विद्यालय, सबै स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइहरुलाई अनुरोध छ ।

**विद्यालयहरुले गर्नुपर्ने कार्य**

क) सबै प्रकार र तहका विद्यालय (Montessori/ECED देखि कक्षा १२ सम्म सञ्चालन भएका) हरुले आ-आफ्नो विद्यालयको Excel based IEMIS का सम्पूर्ण विवरण अनिवार्य रुपमा अद्यावधिक गर्ने तथा नयाँ विद्यालय भए स्थानीय तह मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट Excel based IEMIS file प्राप्त गरी पूर्ण रुपले भर्ने ।

ख) शैक्षिक सत्र २०७८ देखि यस प्रणालीमा कोभिड १९ र यस्तै विभिन्न महामारीका कारण भौतिक उपस्थितिमा शिक्षण सिकाइ प्रक्रिया सञ्चालन हुन नसकेको समयमा विद्यार्थीको सिकाइ अवस्थाको पहिचानका लागि विवरण संकलनका गर्न 8 button को साविकको Excel based IEMIS फाइलमा 1 button (Education in Emergency-EiE) थप गरी 9 button को Excel file तयार गरिएको छ । अनलाइन मार्फत प्राप्त गर्न सकिने Importer मार्फत उक्त थप button सहितको फाइल बिद्यालय स्वयंले बनाई सबै विवरणहरु भरी अनलाइनमा अपलोडमा गर्ने । उक्त विवरण नभरी अपलोड गरेका विद्यालयहरुले उक्त विवरण भरी पुनः अपलोड गर्ने । सो Importer ले Excel based IEMIS मा भएका समस्याहरु पनि समाधान गर्ने भएकोले Importer मार्फत आफ्नो एक्सेललाई अध्यावधिक गर्ने ।

ग) Excel फाइलमा भएका सबै विवरण अद्यावधिक नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकाले सबै विवरणहरु सतर्कतापूर्वक भर्ने/अद्यावधिक गर्ने । वास्तविक विवरण नभरेको/अद्यावधिक नगरेका कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट वञ्चित भएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने भएकाले यस कार्यमा प्रधानाध्यापक स्वयंले विशेष ध्यान दिने।

घ) आर्थिक बर्ष २०७८/७९ देखि विद्यालय लेखा प्रणाली (School Accounting System- SAS) लाई IEMIS मा आवद्ध गरिएकाले विद्यालयको IEMIS User ID र पासवोर्डमार्फत अनलाइनबाट SAS को Software Download गरी सो अनुसार लेखाको अभिलेख व्यवस्थापन गर्ने र सो Software मा गरिएका कार्यहरुलाई प्रत्येक चौमासिक समाप्त भएको पहिलो हप्ता भित्र IEMIS को Excel फाइल जस्तै:Web portal मा अपलोड गर्ने ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

ङ) गतबर्ष विवरण अद्यावधिक गर्न छुट भएका विद्यालयहरुले शैक्षिक सत्र २०७६ देखि कै विवरण अद्यावधिक गर्ने

**स्थानीय तहका लागि अनुरोध**

क) विद्यालयलाई अनलाइन (iemis.cehrd.gov.np) बाट डाउनलोड गरी Excel को नयाँ Template लिइ Importer मार्फत उक्त Excel file लाइ नयाँ Version मा परिवर्तन गर्नु पर्ने विषय सूचित गर्ने,Version उल्लेख नभएका पुराना Excel File परिमार्जनका लागि शिक्षा तथा मानव स्रोत केन्द्र (iemis@cehrd.gov.np) मा पठाउन लगाउनु हुन तथा उक्त कार्यका लागि सहजीकरण गरिदिनु हुन ।

ख) Excel based IEMIS फाइलमा थप भएको EiE Button मा रहेका विवरण विद्यालयले भर्न तथा उक्त विवरण नभरी अपलोड गरेका विद्यालयहरुलाई सो विवरण भरी पुनः अपलोड गर्न सूचित गरिदिनु हुन।

ग) Online System मा अपलोड भएका आफ्नो स्थानीय तहका विद्यालयहरुको विवरण रुजू गरी फरक विवरण भरेका वा पुरा विवरण नभरेका विद्यालयहरुलाई पुनः विवरण भर्नका लागि सचेत गरिदिनु हुन।

घ) विद्यालय लेखा प्रणाली कार्यान्वयनका लागि सहजीकरण गर्नुहुन र थप प्राविधिक सहयोग आवश्यक परेमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र/शिक्षा विकास तथा समन्वय इकाइलाई जानकारी दिनु हुन ।

ङ) प्रत्येक स्थानीय तहले यसको प्रयोगकर्ताको रुपमा एकजना कर्मचारीलाई आधिकारिक रुपमा जिम्मेवारी दिने र यसका लागि अफिसियल इमेल प्रयोग नभएको भए अफिसियल इमेल खोली सो इमेल र आधिकारिक प्रयोगकर्ताको विवरण यस केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखा (iemis@cehrd.gov.np) मा उपलब्ध गराउनु हुन।

च) यस शैक्षिक सत्रमा बन्द वा समायोजन भएका विद्यालयको विवरण स्थानीय तहको User Account बाट अद्यावधिक गर्नु हुनका साथै समायोजन/बन्द भएका विद्यालयहरुको सो सम्बन्धमा भएको निर्णयको विवरण समेत उल्लेख गरिदिनु हुन ।

पुनश्चः **विद्यालय शिक्षासँग सम्बन्धित समसामयिक जानकारी एवम् सूचनाका लागि यस केन्द्रको वेवसाइट www.cehrd.gov.np र प्रत्येक महिना (१ र १६ गते) को गोरखापत्र (विद्यालय शिक्षा सम्बन्धी गतिविधि) , NCED virtual (you tube channel) हेर्नु हुन तथा केन्द्रको Official Viber Community -CEHRD** मा Join हुनुका साथ सोका लागि अन्य सरोकारवालाहरुलाई समेत सुचित गरिदिनु हुन अनुरोध छ

बोधार्थ

श्री सामाजिक विकास मन्त्रालय

(सबै प्रदेश): आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ(सबै): आवश्यक समन्वय र सहजीकरण गर्नु हुन ।

रामचन्द्र शर्मा

निर्देशक